☎ ९८५७८३५२४०
✉ info@rajpurmundang.gov.np
URL: www.rajpurmundang.gov.np

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गँगदी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या: २०७९/०८०
चलानी नम्बर: ६८३

## मनोसामाजिक मनोविमर्श तालिम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९।११।३०

राजपुर गाउँपालिकाको समन्वय तथा स्ट्रोम फाउण्डेसन र मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र को साझेदारीमा सञ्चालित "दिगो तथा मर्यादित सामाजिक आर्थिक सशक्तीकरण (सिड्स) कार्यक्रम" अन्तर्गत सञ्चालन हुने मनोसामाजिक विमर्शकर्ताको ६ महिने आवासीय तथा फिल्ड स्थानान्तरण तालिम हुने भएकाले तालिममा सहभागी हुन इच्छुक योग्यता पुगेको व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले पाँच दिन भित्रमा यस कार्यालयमा निवेदन पेस गर्नु हुन जानकारी गराइन्छ ।

तपसिल:

**आवश्यक सहभागी संख्या:** १ (एक)

**तालिमका सहभागी छनौटका आधारहरु:**

- राजपुर गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने
- कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने
- २५ वर्ष माथि देखि ३७ वर्ष उमेर सम्मको महिला हुनुपर्ने
- तालिम पश्चात स्वयंसेवी रुपमा सम्बन्धित क्षेत्रमा योगदान गर्ने दृढ ईच्छा भएको हुनुपर्ने
- मनोसामाजिक, लैंगिक हिंसा न्यूनिकरण तथा बालसंरक्षणको क्षेत्रमा ज्ञान भएको हुनुपर्ने
- तालिम अवधि भर आफ्नो गाउँपालिका भन्दा बाहिर आवासीय तालिममा सहभागी हुन सक्ने

**छनौट प्रकृया:** संक्षिप्त सूची तथा अन्तर्वार्ता ।

**तालिमको व्यहोरा:**

क) ६० दिन (तिन चरणमा) आवासीय तालिम संचालन: कपिलवस्तु जिल्लामा

ख) १२० दिन फिल्ड स्थानान्तरण: राजपुर गाउँपालिकामा

..........................................
(विष्णु प्रसाद पाण्डेय)
प्रमुख प्रशासकीय अधिकृत